# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं भाद्र २८ गते २०११ साल [ संख्या ६

## भाग १

### गृहमन्त्रालयमार्फत प्रकाश भएको नेपाल प्रधान न्यायालयको विज्ञप्ति

१५३६—का—०८—०११          १४—५—०११

प्रधान न्यायालयसमेत जुनसुकै अड्डा अदालतबाट पनि जारी भइराखेका र अब जारी हुने ऐन सवालका आधारमा र ऐन सवालबमोजिम मात्र काम कारबाई र आदेश फैसला गर्नुपर्ने ऐन सवालले दिन हुनेभन्दा बढी कुराको आदेश र सुविधा कहीं कतैबाट कसैले दिन नपाउने र नहुने कुरा सबैमा विदित भइराखेकै हो।

यस्तोमा पनि जुन काम कुरा मुद्दा परेका मातहतका अपील वा अदालत मातहतीबाटै गर्न गराउन पाउने अधिकार प्राप्त छ, त्यो काम कुराको निमित्त पनि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

ऐनसवाल नजानेर हो वा मुद्दा टुंग्याउने उद्देश्यले हो, धेरैजसो झगडियाहरू मुद्दा
परीराखेको शुरू वा अपीलमा नगै जायज नाजायजसमेत विभिन्न प्रकारेका माग
लिएर सोझै प्रधान न्यायालयसम्म धाई विन्तिपत्र दिने चलन भएकोबाट मातह
तलाई यस्ता कुनै काम कुरा गर्न अधिकार नभएको हो कि जस्तो भ्रम सबैमा
बढ्न गएको र यता मातहतबाटै हुन गर्न सक्ने काम कुरा पनि थपिन आई काम
ज्यादा बढ्न गई फछ्र्याउन प्रधान न्यायालयलाई मुस्किल भइराखेको फेरि टाढा
टाढा जिल्लाबाट सदरसम्म आउनुपर्दा मुद्दावालाको पनि खर्च बढ्नाको साथै
हैरानीसमेत भई मुद्दा मामिला पनि टायममा नछिनिई दुवैथरलाई ज्यादा दिन
मुद्दामा लाग्नुपरी जनसाधारणलाई न्याय सुलभको बदला दुर्लभ हुँदै गए जस्तो
हुन लागेको हुनाले ।—

मुद्दा परिराखेका अड्डाबाट ऐनबमोजिम भरी नदिएको भराई माग्नुपरेको
र हद म्याद तारेख थाम्ने मुद्दा पूर्पक्ष गराउँदा र अपील उजुर गर्दा धरौट जमानी
दिने, मुद्दा मुल्तवी रखाउने, एका अड्डाबाट अन्त मुद्दा सराउने, वेरीतसँग म्याद
समन तामेल गराएकोमा सो बदर गर्ने गराउने, म्याद समन जारी हुँदा बिदेश
गइरहेको मानिसलाई थप म्याद दिने लिने, अड्डा अदालतले बेहिसाब गरेमा उजुर
दिने सुन्नेसमेत विषयहरूमा प्रचलित ऐन सवालले मुद्दा परिराखेको शुरू वा
अपील र स्थानीय अरू अड्डालाई नै अधिकार दिइराखेको रहेछ भन्ने कुरा सर्व-
साधारणमा जानकारी भई छिटा र सजिलोसँग ऐन सवालद्वारा दिइएको सुविधा
र न्याय प्राप्त गर्न सकुन् भन्ने अभिप्रायका निमित्त ऐन सवालको नम्बर र दफा-
समेत खोली यो विज्ञप्ति प्रकाश गरिएको छ।

लेखिएबमोजिम ऐन सवालले शुरू र अपील सुन्नेसमेतका स्थानीय
अड्डालाई नै अधिकार दिइराखेको कुराहरूमा आईन्दा दरखास्त वा विन्तिपत्रहरू
शुरू वा अपीलमध्ये जहाँ दिनु पराउनुपर्ने हो, दिई पठाई ऐन सवालबमोजिम
भराइमाग्नुहोला । त्यस्ता कुरामा शुरू वा अपीलमा उजुर नगरी सोझै प्रधान
न्यायालयमा आउनुभएमा मातहतको तह र अधिकार काटिन जाने हुनाले यो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

विज्ञप्ति प्रकाश भएका मितिदेखि प्रधान न्यायालयबाट कुनै निकाशा गर्नेछैन।

उपरोक्त मिति उप्रान्त तल लेखिएका विषयमा शुरु र अपीललाई अधिकार नभएको प्रचलित सवाल सनद र ऐन इत्यादिले प्रधान न्यायालयलाई मात्र अधिकार दिएको कुनै विषय पर्न आएछ भने त्यसमा र अपीलहरुउपर उजुर गरी आदेश मागेकोमा औ प्रधान न्यायालयमा दरी राखेको वा डायर गर्नुपर्ने कुनै विषयमा समेत परेका विन्तिपत्रमा मात्र प्रधान न्यायालयले विचार गर्नेछ।

मुद्दा मामिलामा ऐन सवालबमोजिम गरिदिनुपर्ने काम कारवाई गरिदिएन अथवा ऐन सवालबमोजिम गरी गराई पाऊं भन्ने दुनियाँको विन्तिपत्र अदालत अफिनीको भए अपील सुन्ने अड्डामा र अरु सेस्ता अड्डाको भए जाँच्ने निकाशा दिने अड्डामा दिने, सो अड्डाबाट जो बुझ्नु पर्ने झझी सोही विन्तिपत्रको शिरमा ताक लेखी सहिछाप गरी ऐन सवालबमोजिम गर्नु गर्ने लगाउनुपर्छ भन्ने विन्तिपत्र प्रक्षांगीको २ नम्बरमा लेखिएको हुनाले ऐन सवालबमोजिम गर्न गराउन आदेश गर्ने अधिकार अपील सुन्ने अड्डाहरूलाई दिइराखेको छ।

अड्डा अदालतमा म्याद टायममा काम गरी नदिएको, कानून विरुद्ध काम गरेको घूस रोसवत खाए खुवाएको समेत कुरामा उजुर गर्नुपरे भ्रष्टाचार संबन्धी भए सोही विषयको कानुनअनुसार भ्रष्टाचार निवारण अफिसरछेउ सो सम्बन्धबाहेक अरू ऐनबमोजिमको कुरामा भए हाकिमका नाउँमा कराउनेका १७।१८।१८ (क) नंबरका ऐनले अपील सुन्ने र अड्डा जाँच्ने अड्डामा औ नजिकको कुनै अड्डामा उजूर लाग्ने र उसले हेरी बुझी ऐन सवालबमोजिम गर्ने गराउन पाउने अधिकार दिएकै छ।

हद म्याद तारीख थाम्नेविषयमा अदालती बन्दोबस्तका ८४ नं. को दफा १ मा म्याद तारीख गुज्रेकोमा पहिला पटक ५० दिन भित्र र दोस्रा पटक १५ दिनभित्र मुद्दा परेकै अड्डामा र दफा २ ले मोफसलको भए ६ महिनासम्ममा नालीस दिने हद

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

भएको मुद्दामा गुजेको थमाउने हद र माथि लेखिएबमोजिम ५०।१५ दिनभित्रको म्याद तारीखसमेत अपील सुन्ने अड्डामा ऐनबमोजिम दरखास्त र बिन्तिपत्र दिंदा थाम्हिन सक्ने हुँदै छ।

विदेश भएको वेला म्याद वा समन ईतलायनामा जारी भई आएकोमा थप म्याद लिनाको लागी समन ईतलायनामावालाका मानिसले समभाय दरखास्त दिन आएमा मुद्दा परेकै अड्डाबाट ३ महिनाको म्याद दिन पाउने अधिकार अदालती बन्दोबस्तका ११८।१२१ नम्बर दिइराखेका छ।

(क) अड्डा अदालतबाट जारी भएको म्याद वा समन ईतलायनामा त्यस्मा लेखिएको मानिसको घर डेरा पत्ता लगाई त्यस ठाउँमा पञ्चायत भान्यजन तालुकदारहरूमध्ये कुनै १ र अरू २ जना साक्षीसमेत राखी उसलाई वा उस्का उमेर पुगेका घरका जहानलाई दिनू। यी कोही भेट नभए सबैले देख्ने गरी घरमा टाँसिदिनुपर्छ। लेखिए-को रीत नपुगेको सदर हुँदैन भन्नेसमेत अदालती बन्दोबस्तको १२६ नं.मा लेखिएको र सोबमोजिम रीत नपुऱ्याई तामेल गरेकोबाट झगडियाले थाहा नपाई म्याद गुज्री प्रतिवादी दिन नपाएकोमा र एकतर्फी फैसला भइसकेकोमा समेत सो बेहोराको उजुर लिन दिन र निर्णय गर्ने अधिकार हाकिमका नाउँमा कराउनेका २१ नं. ले शुरू सो मुद्दा हेर्ने जो हो, उसलाई दिएकै छ।

शुरूउपर अपील दिंदा र अपीलकै उपर अपीलैमार्फत वा थुनिएका अथवा थुन्ने नै अड्डा मार्फत अपील दिंदा र फैसला भएपछि अपील लाग्ने मुद्दामा अपील दिन्छु, धरौट जमानी लिइपाऊँ भनेमा समेत सो अड्डाबाट लागेको दण्ड जरीवाना कोर्टफी र रुपैयाँ तिर्न पाउने कैदबापत हार्ने बादी प्रतिवादी दुवैले धरौट वा जमानी र कैद हुने कलममा पनि पोली साबित गर्न नसक्ने पोलाहाले धरौट दिन र लिन, यसरी धरौट जमानी दिएमा नेल परेकालाई पनि मुद्दा फैसला हुँदा ठहरे बमोजिम गर्ने गरी तारीखमा छाड्ने समेत विषयमा पनि हाकिमका नाउँमा करा-उनेका २ नं., सैस्ता अपीलबारेको मुलुकी सवालको ५ दफा, कोर्टफी सवालका ८८ दफासमेतले अपील लिने र फैसला गर्ने अड्डासमेतलाई अधिकार छ।

आधिकारिकता मुद्रण (३२) विभागबाट प्रमाणित गरिएपछि

पुपक्षलाई थुन्ने धरोट जमानीमा राख्ने र सोकै तारेखमा छाड्नेसमेत सबै विषयमा अदालती बन्दोबस्तका १५२,१५३,१५४,१५५,१५६,१५७,१५८ १५९, १६०,१६१ र १६२ नम्बरहरूमा स्पष्ट खुलेका छन्। कुनै अड्डाले त्यसको खिलाफ केही गरेमा सो गरेउपर फैसला पर्चा केही गरेको भए हाकिमका नाउँमा कराउनेका २ नं. बमोजिम अपील सुन्ने अड्डामा अपील लाग्ने र सो केही नगरेको भए विन्तिपत्र प्रमाङ्गीका २ नं. बमोजिम विन्तिपत्र परेमा अदालती बन्दोबस्तका १५९, १६०, १६१, खोर जेलखानाका ४४। ४५। ४६। ४७। (क) नं. का ऐनबमोजिम अपील सुन्ने र खोर जेलखाना जाँच्ने अड्डाले ऐनबमोजिम गर्न गराउन अधिकार छ।

एकै मानिसको धेरै अड्डामा मुद्दा परेको छ र अरू अड्डामा परेको मुद्दा मुल्तवी रखाउनु छ भने अदालती बन्दोबस्तको २१ नं. ले मुद्दा परेकै अड्डाबाट रखाउन सक्ने अधिकार दिएकै छ।

एका अड्डामा परेको मुद्दा अर्को अड्डामा सार्ने विषयमा पनि अदालती बन्दोबस्तका ४९।५०।५१ नं. मा यस्तो यस्तो मुद्दा यस यस ठाउँबाट हेर्नू भन्ने लेखिएकै र सोबमोजिम नभए नगरेमा बिन्तिपत्र प्रमाङ्गीका २ नं. बमोजिम अपील सुन्ने अड्डामा विन्तिपत्र दी ऐन सवालबमोजिम गराए हुने स्पष्टै छ।

हद म्याद तारीख गुजरेको थमाउने विषयमा पहिला पटकको म्याद तारीख गुजरेकोमा ५० दिन नाघेका ४५ दिन सम्म र दोस्रा पटकको म्याद तारीख गुजेमा मितिले ३० दिनभित्र र नालीस उजुर अपील गर्ने हद म्याद गुजरेकोमा १ महिनासम्मको हद म्याद गुजरेको मितिले ७० दिनभित्र र ६ महिनादेखि बढी हद म्याद पहिला पटक गुजरेकोमा गुजरेका मितिले ३५ दिनसम्ममा थमाइ-माग्न आएको थामिदिन मुनासीब देखिए मुखतियारले थामिदिने भन्ने ६ साल चैत्र ३० गतेमा भइराखेका लाङ्गनिशाना सदरबमोजिम प्रधान न्यायालयबाट मुनासीब कारण देखिएमा सोबमोजिम गरी थामिदिने गरेकोमा धेरैजसो मुद्दावाला

ाधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

हरूको सम्झमा जारी भइराखेको अदालती बन्दोबस्तको ८४ नं. को म्यादमा विना कारण नथमाई बसे पनि उक्त सुविधा प्राप्त छ भन्ने परेको जस्तो देखिन आएकोले स्पष्ट गरिदिएको छ। साधारण कारणको अवस्थामा त थमाउने म्याद जारी भइराखेको अ. बं. ८४ नम्बरबमोजिमको मात्र हो सो म्यादभित्र उरतै कुनै अवस्था वा घटना परेर थमाउन नसकेका वा नपाएको मुनासीब कारण देखिए मात्र खड्ग निशाना सदरबमोजिम सुविधा दिन मिल्दछ। मुद्दा डङ्ग्याउनको लागी पनि नथमाई बस्न सक्ने हुनाले साधारण कारणमा उक्त सुविधा प्राप्त हुनेछैन।

आज्ञाले,
नीरराज,
सेक्रेटरी—गृहमन्त्रालय.

मुद्रकः— गोरखापत्र छापाखाना। सरदार विष्णुध्वज जोशी।

आधिकारिकता मुद्रण (३४) विभागबाट प्रमाणित गरिएपछि